**सुनवल नगरपालिका**

**नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), प्रदेश नं. ५, नेपाल**

# स्थानीय राजपत्र

भाग १, खण्ड: २ संख्या: १ १ श्रावण २०७५, मंगलवार

सुनवल नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संम्वत २०७५ सालको ऐन नं. १

## सुनवल नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०७५

**प्रस्तावना :**

सुनवल नगरपालिकाको आर्थिक बर्ष २०७५/७६ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने प्रयोजनका निमित्त स्थानीय कर, शुल्क,दस्तुर र दण्ड जरीवाना संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २३० बमोजिम सुनवल नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१) **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "सुनवल नगरपालिकाको आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ श्रावण १ गतेदेखि सुनवल नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२) **सम्पति कर :**

सुनवल नगरपालिका क्षेत्रभित्र अनुसूची - १ बमोजिम सम्पत्ति कर लगाईने र असूल उपर गरिनेछ ।

३)	**मालपोत तथा भूमिकर र धुरीकर :**

सम्पत्तिकर लागू भएको आ.व. २०७४।७५ भन्दा पूर्व बुझाउन बाँकी मालपोत तथा भूमिकर र घर धुरीकरका हकमा अनुसूची - २ बमोजिम मालपोत तथा भूमिकर र धुरीकर असुल उपर गरिनेछ।

४)	**घर जग्गा बहाल कर :**

सुनवल नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आशिंक तवरले बहालमा दिएकोमा अनुसूची - ३ बमोजिम घर जग्गा बहाल कर लगाईने र असुल उपर गरिनेछ।

५)	**व्यवसाय कर :**

सुनवल नगरपालिका क्षेत्रभित्र दर्ता वा ईजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोवार गर्ने व्यक्ति वा निकायलाई व्यवसायको प्रकृति, आर्थिक कारोवार, स्थान बिशेष र लगानीका आधारमा अनुसूची - ४ बमोजिम व्यवसाय कर लगाई असुल उपर गरिनेछ। त्यसरी व्यवसाय कर असुली गर्दा बैंक तथा बित्तीय संस्था र सुपरमार्केटहरुको हकमा प्रत्येक कारोवार स्थलमा कारोवारको आधारमा अलग अलग ईकाइ मानी असुल उपर गरिनेछ।

६)	**जीवजन्तु कर :**

सुनवल नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले प्रचलित कानूनले निषेध गरेका जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ., प्वांख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची - ५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७)	**सवारी साधन कर :**

सुनवल नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची - ६ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८) **पटके सवारी साधन एवं सडक मर्मत संभार शुल्क :**
सुनवल नगरपालिका क्षेत्रभित्र अनुसूची - ७ बमोजिम पटके सवारी साधन एवं सडक मर्मत संभार शुल्क लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९) **विज्ञापन कर :**
सुनवल नगरपालिका क्षेत्रभित्र हुने सवै प्रकारको विज्ञापनमा अनुसूची - ८ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०) **बहाल बिटौरी शुल्क :**
सुनवल नगरपालिका क्षेत्रभित्र नगरपालिका आफुले निर्माण, रेखदेख वा संचालन गरेका वा सार्वजनिक ऐलानी पर्ति जग्गा वा भवनमा हाटबजार वा पसल वा सडक वा बाटो किनार वा बिशेष मेला पर्वमा अनुसूची - ९ मा भएको व्यवस्था बमोजिम बहाल विटौरी शुल्क लगाई असुल उपर गरिनेछ।

११) **निकासी शुल्क :**
सुनवल नगरपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन/उत्खनन भै आफ्नो सिमाक्षेत्र भन्दा बाहिर निकासी हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुंगा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बाह्य निकासीमा अनुसूची - १० बमोजिमको निकासी शुल्क लगाईने छ।

१२) **प्राकृतिक स्रोत विक्रि शुल्क :**
सुनवल नगरपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन/उत्खनन हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुंगा आदि प्राकृतिक स्रोत एवं खानीजन्य वस्तुको प्राकृतिक स्रोत विक्रि शुल्क प्रदेश कानुन वमोजिम हुनेछ।

१३) **सेवा शुल्क, दस्तुर :**

सुनवल नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची - ११ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसारको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४) **दण्ड जरिवाना :**

नदी जन्य पदार्थको चोरी निकासी गर्ने सवारी साधन धनीलाई अनुसुची - १२ वमोजिम जरिवाना गरिनेछ। उक्त जरिवानाको १० प्रतिशतले हुन आउने रकम पक्राउ गरी वुझाउने लाई प्रोत्साहन स्वरुप उपलब्ध गराईनेछ । साथै सुनवल नगरपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पाकिङ वा व्यापार व्यवसाय वा फोहरमैला गर्ने तथा प्रचलित कानून विपरितका कार्य गर्नेलाई कार्यपालिकाले तोके वमोजिम दण्ड जरिवाना गरिनेछ ।

१५) **कर छुट :**

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६) **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि :**

यस ऐनमा भएको व्यवस्था यसै बमोजिम र अन्यका हकमा यस ऐनसंग नबाझिने गरी नगर कार्यपालिकाले तोके अनुसार हुनेछ।

१७) **यसै ऐन बमोजिम भएको मानिने :**

यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

१८) **नियम वा कार्यविधि बनाउन सक्ने :**

सुनवल नगरपालिका नगर कार्यपालिकाले यस ऐनमा भएका व्यवस्थालाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ।

१९) **छुट भएका कर, दस्तुर, शुल्क र दण्ड जरीवानाः**
यस ऐनमा छुट भएका कर, दस्तुर, शुल्क र दण्ड जरीवानाका सन्दर्भमा राजश्व परामर्श समितिको सिफारीसमा नगर कार्यपालिकाको निर्णय बमोजिम असुल गरिनेछ ।

२०) **ऋण/सापटी लिन र दिन सक्नेः**
नगरपालिकाको दिर्घकालिन विकासमा टेवा पु¥याउने, आयश्रोत वृद्धि गर्ने र नगरको समग्र विकासमा मार्ग प्रसस्त गर्ने आयोजना तथा कार्यक्रमका लागि नगर कार्यपालिकाको बैठकको निर्णय बमोजिम नगरपालिकाले ऋण/सापटी लिन र दिन सक्नेछ ।

२१) **साविक बमोजिम हुने :**
यस ऐनमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभएको हकमा साविक बमोजिम नै हुनेछ ।

२२) **कानून बमोजिम हुने :**
यस ऐनमा भएको व्यवस्था बाहेक नगरपालिकाद्धारा स्वीकृत कानुन बमोजिम लाग्ने कर, दस्तुर, शुल्क, दण्ड जरीवाना लगायतका विषयहरुमा सम्बन्धित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

२३) **खारेजी :**
साविकमा सुनवल नगरपालिकाले लागु गर्दै आएका व्यवस्थाहरु यस ऐनसंग प्रतिकुल देखिएमा प्रतिकुल भएका हदसम्म खारेज हुनेछ ।

अनुसूची १

## सम्पत्ति करको दर

१. मालपोत कार्यालय, नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) ले आ.व. २०७५/७६ का लागि रजिष्ट्रेशन प्रयोजनलाई तोकेको जग्गाको मूल्यांकनका आधारमा जग्गाको मूल्यांकन कायम गर्ने ।

२. सुनवल नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संघ संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको संरचनाहरुमा सम्पत्तिकर लगाईने । यसरी सम्पत्तिकर लगाईएको घर जग्गामा मालपोत तथा भूमिकर, घर जग्गा कर र धुरीकर लगाईने छैन ।

३. सम्पत्तिकर बुझाउने कुनै करदाताले आफ्नो नाममा रहेको सम्पत्ति लुकाई वा खण्डिकरण गरी वा भौतिक संरचना नदेखाई सम्पत्ति मूल्याङ्कन गराई कर तिरेको प्रमाणित भएमा वास्तविक सम्पत्तिको मूल्याङ्कनबाट लाग्ने कर रकममा साविकमा बुझाएको रकम घटाई बाँकी हुने रकममा १५ प्रतिशतले हुने थप रकम जरिवाना सहित असुल गरिनेछ ।

४. आ.व. २०७५।७६ का लागि कुनै व्यक्ति, संघ संस्थाले २०७५ असोज मसान्त भित्र आफ्नो सम्पत्तिकर बुझाउन आएमा लाग्ने कर रकमको १० प्रतिशत छुट दिईने छ ।

५. तोकिएको आ.व.मा बुझाउनु पर्ने सम्पत्तिकर सोही आ.व. को अन्तसम्म नबुझाएमा अर्को आ.व. मा १० प्रतिशत जरीवाना लाग्ने छ ।

### क सम्पत्ति करको लागि जग्गाको वर्गीकरण र मूल्याङ्कनको दर

| क्र सं. | मूल्याङ्कनको दर | आ.व. २०७५/७६ को कायम दर | कैफियत |
|---|---|---|---|
| १ | १ लाख सम्म | १०० | |
| २ | १ लाख १ देखि १ लाख ५० हजार सम्म | १०० | |
| ३ | १ लाख ५० हजार १ देखि २ लाख ५० हजार सम्म | १०० | |
| ४ | २ लाख ५० हजार १ देखि ३ लाख ५० हजार सम्म | १०० | |
| ५ | ३ लाख ५० हजार १ देखि ४ लाख ५० हजार सम्म | १०० | |
| ६ | ४ लाख ५० हजार १ देखि ५ लाख ५० हजार सम्म | १२५ | |
| ७ | ५ लाख ५० हजार १ देखि ६ लाख ५० हजार सम्म | १५० | |

| | | | |
|---|---|---|---|
| ८ | ६ लाख ५० हजार १ देखि ७ लाख ५० हजार सम्म | १७५ | |
| ९ | ७ लाख ५० हजार १ देखि १० लाख सम्म | २०० | |
| १० | १० लाख १ देखि ११ लाख ५० हजार सम्म | २२५ | |
| ११ | ११ लाख ५० हजार १ देखि १२ लाख ५० हजार सम्म | २५० | |
| १२ | १२ लाख ५० हजार १ देखि १५ लाखसम्म | ३०० | |
| १३ | १५ लाख १ देखि १७ लाख ५० हजार सम्म | ३५० | |
| १४ | १७ लाख ५० हजार १ देखि १८ लाख ५० हजार सम्म | ३७५ | |
| १५ | १८ लाख ५० हजार १ देखि २० लाखसम्म | ४०० | |
| १६ | २० लाख १ देखि २१ लाख ५० हजार सम्म | ५०० | |
| १७ | २१ लाख ५० हजार १ देखि २३ लाखसम्म | ६०० | |
| १८ | २३ लाख १ देखि २४ लाख ५० हजारसम्म | ७०० | |
| १९ | २४ लाख ५० हजार १ देखि २६ लाखसम्म | ८०० | |
| २० | २६ लाख १ देखि २७ लाख ५० हजारसम्म | ९०० | |
| २१ | २७ लाख ५० हजार १ देखि ३० लाखसम्म | १००० | |
| २२ | ३० लाख १ देखि ३२ लाख ५० हजारसम्म | १२०० | |
| २३ | ३२ लाख ५० हजार १ देखि ३५ लाखसम्म | १२५० | |
| २४ | ३५ लाख १ देखि ३७ लाख ५० हजारसम्म | १३०० | |
| २५ | ३७ लाख ५० हजार १ देखि ४० लाखसम्म | १३५० | |
| २६ | ४० लाख १ देखि ४२ लाख ५० हजारसम्म | १४०० | |
| २७ | ४२ लाख ५० हजार १ देखि ४५ लाखसम्म | १४५० | |
| २८ | ४५ लाख १ देखि ४७ लाख ५० हजारसम्म | १५०० | |
| २९ | ४७ लाख ५० हजार १ देखि ५० लाखसम्म | १६०० | |
| ३० | ५० लाख १ देखि ५५ लाखसम्म | ३५०० | |
| ३१ | ५५ लाख १ देखि ६० लाखसम्म | ३६०० | |
| ३२ | ६० लाख १ देखि ६५ लाखसम्म | ३७०० | |
| ३३ | ६५ लाख १ देखि ७० लाखसम्म | ३८०० | |
| ३४ | ७० लाख १ देखि ७५ लाखसम्म | ३९०० | |
| ३५ | ७५ लाख १ देखि ८० लाखसम्म | ४००० | |
| ३६ | ८० लाख १ देखि ८५ लाखसम्म | ४१०० | |

| | | | |
|---|---|---|---|
| ३७ | ८५ लाख १ देखि ९० लाखसम्म | ४२०० | |
| ३८ | ९० लाख १ देखि ९५ लाखसम्म | ४३०० | |
| ३९ | ९५ लाख १ देखि १ करोड सम्म | ४५०० | |
| ४० | १ करोड १ देखि १ करोड १० लाखसम्म | १२००० | |
| ४१ | १ करोड १० लाख १ देखि १ करोड २० लाखसम्म | १२५०० | |
| ४२ | १ करोड २० लाख १ देखि १ करोड ३० लाखसम्म | १३००० | |
| ४३ | १ करोड ३० लाख १ देखि १ करोड ४० लाखसम्म | १३५०० | |
| ४४ | १ करोड ४० लाख १ देखि १ करोड ५० लाखसम्म | १४००० | |
| ४५ | १ करोड ५० लाख १ देखि १ करोड ७५ लाखसम्म | १४५०० | |
| ४६ | १ करोड ७५ लाख १ देखि २ करोडसम्म | १५००० | |
| ४७ | २ करोड १ देखि २ करोड ५० लाखसम्म | २५००० | |
| ४८ | २ करोड ५० लाख १ देखि ३ करोडसम्म | २६००० | |
| ४९ | ३ करोड १ देखि ३ करोड ५० लाखसम्म | २८००० | |
| ५० | ३ करोड ५० लाख १ देखि ४ करोडसम्म | ३०००० | |
| ५१ | ४ करोड १ देखि ४ करोड ५० लाखसम्म | ३२००० | |
| ५२ | ४ करोड ५० लाख १ देखि ५ करोडसम्म | ३५००० | |
| ५३ | ४ करोड १ देखि माथिको मूल्याङ्कनमा | प्रति करोडमा रु. ३ हजार थप | |
| **ख** | **सम्पत्तिकरका लागि भौतिक संरचनाको वर्गिकरण तथा मूल्याङ्कन दर** | | - |
| क्र सं. | भौतिक संरचनाको वनावट | दर रु. (प्रति वर्गफुट) | कैफियत |
| १ | आर.सि.सि. फ्रेम स्टक्चर | ६३५ | |
| २ | सिमेन्टको जोडाई इट्टा वा ढुङ्गाको गाह्रो, आर.सि.सि. छाना | ५७५ | |
| ३ | माटोको जोडाई इट्टा वा ढुङ्गाका गाह्रो, आर.सि.सि. छाना | ५२५ | |
| ४ | सिमेन्टको जोडाई इट्टा वा ढुङ्गाको गाह्रो जस्ता/एस्वेस्टस/टायल/खपडाको छानो | ४७५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | माटोको जोडाई इट्टा वा ढुङ्गाका गाह्रो जस्ता/एस्वेस्टस/टायल/खपडाको छानो | | | ४२५ | |
| ६ | काठको खम्बा जस्ता/एस्वेस्टस/टायल/खपडाको छानो भएको घर | | | २०० | |
| ७ | काठको खम्बा फुस (खर)को छानो भएको घर | | | २०० | |
| **ग** | **सम्पत्तिकरका लागि भौतिक संरचनाको ह्रास कट्टी दर** | | | | - |
| क्र.सं. | अवधि | भौतिक संरचनाको वर्गिकरणको क्र.सं. १ का लागि(प्रतिशत) | भौतिक संरचनाको वर्गिकरणको क्र.सं. २,३,४ का लागि (प्रतिशत) | भौतिक संरचनाको वर्गिकरणको क्र.सं. ५,६,७ का लागि (प्रतिशत) | कैफियत |
| १ | ३ देखि ५ वर्षसम्म | ६ | १० | १५ | |
| २ | ६ देखि १० वर्षसम्म | १३ | १२ | २० | |
| ३ | ११ देखि १५ वर्षसम्म | १६ | २५ | ३५ | |
| ४ | १६ देखि २० वर्षसम्म | १९ | ३० | ४० | |
| ५ | २१ देखि २५ वर्षसम्म | २२ | ३५ | ४० | |
| ६ | २६ देखि ३० वर्षसम्म | २५ | ४० | ४० | |
| ७ | ३१ देखि ३५ वर्षसम्म | २८ | ४० | ४० | |
| ८ | ३६ देखि ४० वर्षसम्म | ३१ | ४० | ४० | |
| ९ | ४१ देखि ४५ वर्षसम्म | ३४ | ४० | ४० | |
| १० | ४६ देखि ५० वर्षसम्म | ३७ | ४० | ४० | |
| ११ | ५१ देखि ५५ वर्षसम्म | ४० | ४० | ४० | |
| १२ | ५५ वर्ष भन्दा माथि | ४० | ४० | ४० | |

देहायको सम्पत्तिमा सम्पत्तिकर लाग्ने छैन:

क. नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको स्वामित्वमा रहेको घर र जग्गा।

ख. सरकारी अस्पातालको भवन र जग्गा।

ग. गुठीको स्वामित्वमा रहेको जग्गा।

घ. सरकारी शिक्षण संस्था र अन्य सरकारी निकायको स्वामित्वमा रहेको

भवन र जग्गा ।

ङ. धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को भवन र जग्गा ।

च. खानेपानी संकलन पोखरी, हवाई मैदान, विद्युत उत्पादन गृह, मसानघाट, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु ।

छ. राजदूतावास, बाणिज्य नियोग, कुटनैतिक नियोगका भवन र जग्गा ।

अनुसूची २

## मालपोत तथा भूमिकर र घर धुरीकर

सम्पत्तिकर लागू भएको आ.व. २०७४।७५ भन्दा पूर्व बुझाउन बाँकी मालपोत तथा भूमिकर र घर धुरीकरका हकमा तपशिल बमोजिम मालपोत तथा भूमिकर असुल गरिनेछ ।

| **मालपोत तथा भूमिकर** | | | |
|---|---|---|---|
| **क्र. सं.** | **विवरण** | **हालको कायम दर** | **कैफियत** |
| १ | साना किसान अवल १ धुर देखि ३० कट्ठा | १०० | |
| २ | साना किसान दोयम १ धुर देखि ३० कट्ठा | ७० | |
| ३ | साना किसान सिम १ धुर देखि ३० कट्ठा | ५० | |
| ४ | साना किसान चाहार १ धुर देखि ३० कट्ठा | ३० | |
| ५ | मझौला किसान अवल ३१ कट्ठा देखि ३ बिगहा | १५० | |
| ६ | मझौला किसान दोयम ३१ कट्ठा देखि ३ बिगहा | १२० | |
| ७ | मझौला किसान सिम ३१ कट्ठा देखि ३ बिगहा | १०० | |
| ८ | मझौला किसान चाहार ३० कट्ठा देखि ३ बिगहा | ८० | |
| ९ | ठुला किसान अवल ३ बिगहा देखि माथि | ५०० | |
| १० | ठुला किसान दोयम ३ बिगहा देखी माथि | ४०० | |

| | | | |
|---|---|---|---|
| ११ | ठुला किसान सिम ३ बिगहा देखि माथि | ३०० | |
| १२ | ठुला किसान चहार ३ बिगहा देखि माथि | २०० | |

## धुरीकर

| क्र. सं. | विवरण | हालको कायम दर | कैफियत |
|---|---|---|---|
| १ | फुसको छानो भएको | १० | |
| २ | खपडा, टायल, टिन आदीको छानो भएको | १५ | |
| ३ | पक्की एक तले | ३० | घर जग्गा कर नलाग्ने पक्की घर |

अनुसूची ३

## घर जग्गा बहाल कर

१. सुनवल नगरपालिकाले आफ्नो नगर क्षेत्रभित्र कुनै व्यक्ति वा संघ संस्थाले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, कोठा, सटर, गल्ली, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा बहाल रकमको वार्षिक १० प्रतिशत सम्बन्धित धनिबाट बहाल कर लिईने छ ।

२. सुनवल नगरपालिका क्षेत्रभित्रका घर जग्गा बहालमा लगाईएका धनिले बहाल करका लागि पेश गरेको सम्झौतामा न्यूनतम बहाल दर भन्दा बढी भएमा सोही बमोजिम र न्यूनतम दर भन्दा कम भएमा तल उल्लेखित दरलाई आधार मानिनेछ । सुनवल नगरपालिका क्षेत्रभित्र बनेका भौतिक संरचना, घरको सटर कोठाहरुको बहाल कर असुली प्रयोजनका लागि न्यूनतम मासिक बहाल दर देहाय बमोजिम कायम गरिएको छ ।

| क्र.सं. | विवरण | कायम गरिएको दर | कैफियत |
|---|---|---|---|
| १ | राजमार्गको दायाँ बायाँ ५०० मिटर भित्रको क्षेत्रका सटर | रु. ५,०००।०० | मासिक प्रति सटर |
| २ | मिनि मार्केटका बाहिरी सटर | रु. ५,०००।०० | मासिक प्रति सटर |
| ३ | मिनि मार्केटका भित्री सटर | रु. ३,०००।०० | मासिक प्रति सटर |
| ४ | राजमार्गको दायाँ बायाँ ५०० मिटर बाहिरको क्षेत्रका सटर | रु. ३,०००।०० | मासिक प्रति सटर |
| ५ | ग्रामिण अन्य बजार क्षेत्रका सटर | रु. १,०००।०० | मासिक प्रति सटर |
| ६ | कोठा | रु. १,०००।०० | मासिक प्रति कोठा |

अनुसूची ४

**व्यवसाय कर**

१. सुनवल नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहनेले नगरपालिकामा व्यवसाय दर्ता गरी ईजाजत लिनु पर्नेछ ।

२. सुनवल नगरपालिकाको ईजाजत बिना व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न पाईने छैन ।

३. सुनवल नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय तथा सेवा संचालन गर्दा व्यवसायीले वार्षिक रुपमा देहाय बमोजिमको व्यवसाय कर बुझाउनु पर्ने छ । वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी हरेक आर्थिक वर्षमा आफ्नो व्यापार, व्यवसाय तथा सेवालाई नविकरण गर्नु पर्नेछ ।

४. दण्ड जरीवानको हकमा चालु आ.व.को असार मसान्त भित्र व्यवसाय कर नबुझाएमा त्यस पछिको पहिलो वर्ष १० प्रतिशत, दोश्रो वर्ष २० प्रतिशत र त्यस पछि शत प्रतिशत जरीवाना लाग्ने छ ।

| क्र स. | शिर्षक | कायम दर | कैफियत |
|---|---|---|---|
| **मदिरा पसल** | | | |
| १ | डिष्टिब्यूटर्स | ५,०००.०० | |
| २ | थोक पसल | ३,५००.०० | |
| ३ | खुद्रा पसल | १,०००.०० | |
| **मिष्ठान्न भण्डार** | | | |
| १ | मिष्ठान भण्डार - क | २,०००.०० | |
| २ | मिष्ठान भण्डार - ख | १,०००.०० | |
| **सुनचाँदी** | | | |
| १ | सोरुम बनाई बिक्री वितरण गर्ने | ३,०००.०० | |
| २ | ग्रामिण क्षेत्रका सामान्य सुनचादी पसल | १,०००.०० | |
| ३ | सुनचाँदी खार्ने पसल | १,०००.०० | |
| **होटल रिर्सोट** | | | |
| १ | रिसार्ट श्रेणी क | ५,०००.०० | |
| २ | रिसार्ट श्रेणी ख | ३,०००.०० | |
| ३ | होटेल, बार, लज | १,५००.०० | |
| **वित्तिय संस्था** | | | |
| १ | क बर्ग शाखा | २५,०००.०० | |
| २ | अन्य शाखा | २०,०००.०० | |
| ३ | बिकास बैक | १५,०००.०० | |
| ४ | साना लघु बित्तिय सस्था | ५,०००.०० | |
| ५ | बिमा कम्पनी | १०,०००.०० | |
| ६ | सटही काउन्टर | ३,०००.०० | |
| ७ | सहकारी बैक | ३,०००.०० | |
| ८ | मनि ट्रान्सफर | २,०००.०० | |
| **मासु पसल** | | | |
| १ | खसी राँगा | २,०००.०० | |

| | | | |
|---|---|---|---|
| २ | शहरी क्षेत्रमा फ्रिजिङ्ग गरी व्यवस्थित रुपले संचालित फ्रेस हाउस | २,५००.०० | |
| ३ | शहरी क्षेत्रमा व्यवस्थित रुपले संचालित फ्रेस हाउस | १,५००.०० | |
| ४ | साधारण फ्रेस हाउस | ५०० | |
| ५ | अन्य मासु पसल | १,०००.०० | |
| **स्वास्थ्य सेवा** | | | |
| १ | गैर सरकारी अस्पताल | ५,०००.०० | |
| २ | डाक्टर सेवा क्लिनिक | १,५००.०० | |
| ३ | ल्याब सेवा | १,०००.०० | |
| **शिक्षा सेवा व्यवसाय निजी स्तर** | | | |
| १ | प्रा.वि. स्तर | ४५०० | |
| २ | नि.मा.वि. स्तर | ६५०० | |
| ३ | मा.वि. | ७५०० | |
| ४ | सो भन्दा माथि | १०००० | |
| ५ | प्राविधीक शिक्षा | ५००० | |
| **कानुनी सेवा** | | | |
| १ | बरिष्ठ अधिबक्ता | ३,०००.०० | |
| २ | अधिबक्ता | १,५००.०० | |
| ३ | कानुनी परामर्श सेवा | १,५००.०० | |
| ४ | लेखापढी व्यवसायी | १,०००.०० | |
| ५ | लेखा परिक्षक क बर्ग | ५,०००.०० | |
| ६ | लेखा परिक्षक ख बर्ग | ३,०००.०० | |
| ७ | लेखा परिक्षक ग/घ | १,०००.०० | |
| **निर्माण व्यवसायीरफर्म** | | | |
| १ | क बर्ग | २०,०००.०० | |
| २ | ख बर्ग | १५,०००.०० | |
| ३ | ग बर्ग | १०,०००.०० | |

| | | | |
|---|---|---|---|
| ४ | घ बर्ग | ४,०००.०० | |
| ५ | शाखा कार्यालय निर्माण व्यवसायी | वर्ग अनुसार आधा लाग्ने | |
| ६ | सेटरीङ्ग व्यवसाय | २,०००.०० | |
| ७ | सूचीकृत दस्तुर | ३०० | |
| **उद्योग व्यवसाय तर्फ** | | | |
| १ | खाद्य उद्योग 'अधिकृत पूँजी २० लाख देखि माथि' | १०,०००.०० | |
| २ | खाद्य उद्योग 'अधिकृत पूँजी २० लाख भन्दा कम' | ३,०००.०० | |
| ३ | चाउमिन उद्योग | १,५००.०० | |
| ४ | पाउरोटी उद्योग | १,५००.०० | |
| ५ | आइस क्रिम उद्योग | १,५००.०० | |
| ६ | मसला पिस्ने उद्योग | १,०००.०० | |
| ७ | कृषि सम्बन्धी फर्म/व्यवसाय | १,०००.०० | |
| ८ | अन्य उद्योग यसै प्रकार | १,५००.०० | |
| **सब्जी पसल** | | | |
| १ | सब्जी पसल थोक | १,०००.०० | |
| २ | सब्जी पसल खुद्रा | ५०० | |
| **फलफुल पसल** | | | |
| १ | फलफुल थोक | १००० | |
| २ | फलफुल खुद्रा | ५०० | |
| **किराना पसल** | | | |
| १ | डिलर भएको किराना पसल | ४,०००.०० | |
| २ | थोक किराना पसल | ३,०००.०० | |
| ३ | खुद्रा किराना पसल | १,०००.०० | |
| **ब्यूटी पार्लररहेयर कटीङ्ग सैलुन** | | | |
| १ | हेयर कटीङ्ग सैलुन | ६०० | |

| | | | |
|---|---|---|---|
| २ | ब्युटी पार्लर | ६०० | |
| ३ | श्रृगार पसल, ब्यूटी पार्लर तालिम केन्द्र समेत | २,०००.०० | |
| ४ | श्रृगार पसल, ब्यूटी पार्लर | १,०००.०० | |
| ५ | खुद्रा श्रृगार | ८०० | |
| **जुत्ता पसल** | | | |
| १ | जुत्ता बनाई बिक्री गर्ने पसल | १,५००.०० | |
| २ | साधारण जुत्ता पसल | १,०००.०० | |
| ३ | प्लाष्टिक जुत्ता चप्पल थोक | १,५००.०० | |
| ४ | प्लाष्टिक जुत्ता चप्पल खुद्रा | १,०००.०० | |
| **भाँडा पसल** | | | |
| १ | थोक | ४,०००.०० | |
| २ | खुद्रा | २,०००.०० | |
| **फेन्सीरकपडा पसल** | | | |
| १ | फेन्सी पसल | २,०००.०० | |
| २ | फेन्सी पसल साधारण | १,५००.०० | |
| ३ | कपडा पसल थोक | ४,०००.०० | |
| ४ | कपडा पसल खुद्रा | १,५००.०० | |
| **स–मिलरफर्निचर उद्योग** | | | |
| १ | स-मिल | १०,०००.०० | |
| २ | फर्निचर उद्योग/सो रुम | ५,०००.०० | |
| ३ | साधारण फर्निचर पसल, प्लाईउड, शिसा पसल | २,५००.०० | |
| ४ | बेतबाँस फर्निचर पसल | १,०००.०० | |
| **हार्डवयर र छड सिमेन्ट र फलाम औजार पसल** | | | |
| १ | छड, सिमेन्ट पसल पेन्ट डिलर समेत भएको | १०,०००.०० | |
| २ | छड, सिमेन्ट पसल | ५,०००.०० | |
| ३ | पेन्ट पसल | ५,०००.०० | |
| ४ | फलाम र सो सम्बन्धी साधारण पसल | २,०००.०० | |

| | | | |
|---|---|---|---|
| | **इलेक्ट्रीक पसल** | | |
| १ | टि.भि., फ्रिज समेत भएको इलेक्ट्रोनिक पसल | ५,०००.०० | |
| २ | इलेक्ट्रीक पसल | २,०००.०० | |
| ३ | विजुली पसल मर्मत केन्द्र भएको | १,०००.०० | |
| ४ | रेडियो, घडी, टि.भी. र अन्य मर्मत तथा बिक्री | १,०००.०० | |
| ५ | रेडियो, घडी, टि.भी. र अन्य मर्मत पसल | १,०००.०० | |
| | **कृषि सामाग्री पसल** | | |
| १ | कृषि सामाग्री बिक्री पसल डिलर समेतको | २,०००.०० | |
| २ | खुद्रा कृषि समाग्री भएको पसल | १,०००.०० | |
| | **पुस्तक र स्टेशनरी पसल** | | |
| १ | पुस्तक तथा स्टेशनरी पसल | १,५००.०० | |
| २ | छापाखाना प्रेस | ३,०००.०० | |
| ३ | फोटोकपी पसल | १,०००.०० | |
| ४ | फोटोकपी समेतको पुस्तक पसल | १,०००.०० | |
| | **प्लाष्टिक पसल** | | |
| १ | प्लाष्टिक पसल थोक | २,०००.०० | |
| २ | खुद्रा प्लाष्टिक पसल | १,०००.०० | |
| | **औषधी पसल** | | |
| १ | औषधी पसल थोक | ३,०००.०० | |
| २ | खुद्रा औषधि पसल | २,०००.०० | |
| | **गल्ला पसल** | | |
| १ | गल्ला पसल १० लाख पुजी भन्दा माथी | ४,०००.०० | |
| २ | गल्ला पसल १० लाख भन्दा कमको लगानी | १,०००.०० | |
| | **फोटो स्टुडीयो** | | |
| १ | फोटो स्टुडीयो भिडियो ग्राफि सहित | २,०००.०० | |
| २ | फोटो स्टुडीयो | १,०००.०० | |
| ३ | कलर ल्याव | ४,०००.०० | |

| | | | |
|---|---|---|---|
| | **कम्प्युटर पसल** | | |
| १ | कम्प्युटर तालिम केन्द्र, भाषा शिक्षण केन्द्र र ड्राईभिङ्ग सेन्टर | १,५००.०० | |
| २ | कम्प्युटर/कम्प्युटर मर्मत केन्द्र | १,०००.०० | |
| | एफ.एम./रेडीयो | | |
| १ | एफ. एम रेडीयो प्रसारण | २,०००.०० | |
| २ | सामुदायीक रेडीयो प्रसारण | १,५००.०० | |
| | वर्कसप/सवारी मर्मत पसल | | |
| १ | मोटर साईकल वर्कसप | १,५००.०० | |
| २ | रिक्सा, साइकल बिक्री पसल | २,०००.०० | |
| ३ | रिक्सा, साइकल मर्मत पसल | ५००.०० | |
| ४ | सवारी साधन बडी बनाउने कारखाना | ५,०००.०० | |
| ५ | सवारी साधन मर्मत पसल | २,०००.०० | |
| ६ | अन्य सवारी साधन मर्मत | १,५००.०० | |
| ७ | टायर पसल थोक | ५,०००.०० | |
| ८ | ट्युब मर्मत तथा हावा भर्ने पसल | १,०००.०० | |
| ९ | लेथ, सवारीको ब्याट्री, सवारी इलेक्ट्रीक पसल, लुब्रिकेन्ट तथा सवारी साधनका पाटपुर्जा भएका पसल | २,०००.०० | |
| | ढुवानी सेवा | | |
| १ | ढुवानी सेवा | ५,०००.०० | |
| २ | ढुवानी सेवा - साधारण | २,०००.०० | |
| ३ | यातायात सेवा समिति/कम्पनी | ५,०००.०० | |
| | परामर्श सेवा | | |
| १ | परामर्श सेवा इन्जिनियरिङ्ग कम्पनी | ५,०००.०० | |
| २ | इन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म | ५,०००.०० | |
| | सवारी साधन सो रुम | | |
| १ | चारपाङ्गे बा सो भन्दा बढी | १०,०००.०० | |

| | | | |
|---|---|---|---|
| २ | तिन पाङ्गे | ६,०००.०० | |
| ३ | दुई पाङ्गे | ५,०००.०० | |
| | **उद्योग** | | |
| १ | ठूला उद्योग ( अधिकृत पूँजी ५ करोड भन्दा माथि भएका | ५०,०००.०० | |
| २ | मझौला उद्योग (अधिकृत पूँजी ५० लाखदेखि ५ करोड सम्म भएका | १०,०००.०० | |
| ३ | साना उद्योग (अधिकृत पूँजी छण लाख भन्दा कम भएका) | ३,०००.०० | |
| ४ | लघु उद्यम/हस्तकला उद्योग | १,०००.०० | |
| | **अन्य व्यवसाय कर** | | |
| १ | पान पसल | ५००.०० | |
| २ | संचार सेवा व्यवसाय | १,५००.०० | |
| ३ | कवाडी समाग्री संकलन पसल | २,५००.०० | |
| ४ | ग्रिल उद्योग | ३,०००.०० | |
| ५ | पुल स्नुकर | २,०००.०० | |
| ६ | जिम हाउस | १,०००.०० | |
| ७ | पेट्रोल पम्प | १०,०००.०० | |
| ८ | टिनको बाकस / समाग्री बनाउने कम्पनी | २,०००.०० | |
| ९ | चश्मा पसल | १,०००.०० | |
| १० | टाक धागो पसल | ५००.०० | |
| ११ | बुटीक पसल | १,०००.०० | |
| १२ | डेन्टल सर्भिस | १,५००.०० | |
| १३ | सफ्ट ड्रिक्स पसल थोक | ५,०००.०० | |
| १४ | कोल्ड ड्रिक्स पसल खुद्रा | १,०००.०० | |
| १५ | पेन्टीङ्ग पसल (आर्ट पसल) | १,०००.०० | |
| १६ | टेन्ट हाउस | २,०००.०० | |
| १७ | ट्रावल एजेन्सी | ५,०००.०० | |

| | | | |
|---|---|---|---|
| १८ | ग्यास पसल | १,०००.०० | |
| १९ | मम, सुकुटी पसल | २,०००.०० | |
| २० | बेकरी | १,०००.०० | |
| २१ | सिरक डसना पसल | १,०००.०० | |
| २२ | सिलाई कटाई पसल | १,५००.०० | |
| २३ | मोबाइल पसल मर्मत समेत | २,५००.०० | |
| २४ | डिस्टीलरी उद्योग | २०,०००.०० | |
| २५ | डेरी उद्योग | २,०००.०० | |
| २६ | कुखुरा माछा फर्म | १,०००.०० | |
| २७ | नर्सरी फर्म | १,०००.०० | |
| २८ | धातुका मर्ति बनाउने | १,०००.०० | |
| २९ | स्टिल फर्निचर उद्योग | ५,०००.०० | |
| ३० | इटा उद्योग | १५,०००.०० | |
| ३१ | टायल, ब्लक, रिङ लगायतका सेनेटरी उद्योग | २,०००.०० | |
| ३२ | दुध खरीद बिक्री केन्द्र | ५००.०० | |
| ३३ | कलाकेन्द्र | १,०००.०० | |
| ३४ | विमा एजेन्ट | १,०००.०० | |
| ३५ | वैदेशिक रोजगार सेवा | ५,०००.०० | |
| ३६ | रियल स्टेट कम्पनी | १०,०००.०० | |
| ३७ | जग्गा प्लटीङ्ग | १०,०००.०० | |
| ३८ | खेलौना पसल | १,०००.०० | |
| ३९ | गिफ्ट पसल | १,०००.०० | |
| ४० | एग्रोभेट पसल | १,०००.०० | |
| ४१ | केबुल नेटवर्क | ५,०००.०० | |
| ४२ | जडीबुटी प्रसोधन/बेल जाम जुस | ५००.०० | |
| ४३ | कुटानी पिसानी मात्रको मिल | २,०००.०० | |
| ४४ | माटोका भाडा बनाउने पसल | ५००.०० | |
| ४५ | पिउने पानी उद्योग | २,०००.०० | |

| | | | |
|---|---|---|---|
| ४६ | सोलार प्यानल, व्याट्री आदी सामानको विक्रेता तथा मर्मत पसल | २,०००.०० | |

माथि उल्लेख हुन छुट भएका व्यापार, व्यवसाय र सेवाका हकमा राजश्व परामर्श समितिको सिफारीसमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

## अनुसूची ५
## **जीवजन्तु कर**

सुनवल नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले प्रचलित कानूनले निषेध गरेको बाहेकका निम्न जीवजन्तुको व्यवसायिक कारोवार गर्नेका लागि निम्नानुसारको दर कायम गरिएको छ ।

जीवजन्तु कर

| क्र.स. | विवरण | हाल कायम भएको दर | कैफियत |
|---|---|---|---|
| १ | प्रति भैंसी, राँगा | ५० | |
| २ | प्रति भेँडा, बाखा | २० | |

## अनुसूची ६
## **सवारी साधन कर**

सुनवल नगरवपालिका क्षेत्र भित्र संचालनमा आउने देहायका सवारी साधनहरुमा निम्नानुसारको वार्षिक सवारी साधन कर लिईने छ ।

सवारी साधन कर

| क्र.स. | विवरण | हाल कायम भएको दर | कैफियत |
|---|---|---|---|
| ज्ञ | रिक्सा, ठेला गाडा | ५० | |
| द्द | ई रिक्सा तिन पाङ्ग्रे | ५०० | |

## अनुसूची ७
## **पटके सवारी साधन एवं सडक मर्मत संभार शुल्क**

१. सुनवल नगरपालिका क्षेत्र भित्र रहेका वडा नं. १ देखि १३ सम्मका सडकबाट ओसार पसारमा प्रयोग हुने तपशिलका सवारी साधनहरुमा निम्नानुसारको पटके सवारी साधन एवं सडक मर्मत संभार शुल्क लिईने छ ।

२. सर्वोत्तम सिमेन्ट उद्योग र ईन्द्रेणी क्रसर उद्योगले सालबसाली बुझाउदै

आएको पटके सवारी साधन एवं तथा सडक मर्मत संभार शुल्कमा आ.व. २०७५।७६ मा १० प्रतिशत वृद्धि गरी लिईने छ ।

| क्र. सं. | विवरण | हाल कायम भएको दर | कैफियत |
|---|---|---|---|
| १ | ट्रेक्टर हाइड्रोलिक नभएको | २० | कृषि प्रयोजनमा प्रयोग हुने सवारी साधन र नगरपालिकामा व्यवसाय दर्ता भै स्थानीय स्तरमा संचालित ब्यापार, ब्यवसायका वस्तु ओसारपसारमा प्रयोग हुने सवारी साधन, सर्वोत्तम सिमेन्ट, इन्द्रेणी क्रसर उद्योग र इट्टा उद्योगका सवारी साधनमा यो कर लागु हुने छैन । |
| २ | ट्रेक्टर हाइड्रोलिक | ५० | |
| ३ | ट्रक/टिप्पर (नेपाली नम्बर प्लेट) | १२० | |
| ४ | ट्रक टिप्पर (भारतीय नम्बर प्लेट) | २२० | |

अनुसूची ८

**विज्ञापन कर**

१. सुनवल नगरपालिकाले आफ्नो क्षेत्रभित्र तपशिल बमोजिमको विज्ञापन कर लिनेछ ।

२. विज्ञापन सम्बन्धी कुनैपनि कार्य गर्दा नगरपालिकाबाट पूर्व स्वीकृति लिएर मात्र गर्नु पर्नेछ ।

३. नेपाल सरकारको नीति बमोजिम सार्वजनिक स्थलमा विज्ञापन गर्न बन्देज गरेका (मादक पदार्थ, सुर्तिजन्य पदार्थ) जस्ता वस्तुहरुको विज्ञापन गर्न पाईनेछैन ।

४. नेपाल सरकारका तर्फबाट हुने जनचेतनामूलक सूचना तथा प्रचार प्रसार समाग्रीहरुमा विज्ञापन कर लिईनेछैन ।

५. व्यापार, व्यवसाय वा कार्यालय रहेको स्थानको परिचयपाटीको हकमा विज्ञापन कर लिईनेछैन ।

६. स्वीकृती नै नलिई राखिएका विज्ञापन सामाग्री हटाउने र स्वीकृती दिन उपयुक्त ठानिएमा लाग्ने करको शत प्रतिशत बराबर जरिवाना लिई स्वीकृती दिन सकिनेछ ।

७. विज्ञापन गर्ने संस्था वा व्यक्तिले स्वीकृत समयावधी समाप्त भएपछि विज्ञापन गर्ने संस्था वा व्यक्तिले स्वयम तुरुन्त हटाउनु पर्नेछ ।

<table>
<tr><th>क्र.स.</th><th>विवरण</th><th>कायम दर</th><th>कैफियत</th></tr>
<tr><td>1</td><td>xf]*Ë af]*{ lgof]g ;f0g tyf cGo &'hf ljBlto af]*{x? œk|t ju{km^ jflif{s°</td><td>75</td><td></td></tr>
<tr><td>2</td><td>Unf] ;f0{g af]*{ *L=kL=P ;= af]*{ cfbL œk|t ju{km^ jflif{s°</td><td>50</td><td></td></tr>
<tr><td>3</td><td>leQ]n]vg œk|t ju{km^ k^s]</td><td>10</td><td></td></tr>
<tr><td>4</td><td>th, Aofg< œk|t ju{km^ k^s]</td><td>10</td><td></td></tr>
</table>

अनुसूची ९

**बहाल बिटौरी शुल्क**

क. सुनवल नगरपालिका क्षेत्र भित्र नगरपालिकाले तोकेको हाट बजारबाट बहाल बिटौरी शुल्क असुलीका देहाय बमोजिमको दर निर्धारण गरेको छ ।

| साप्ताहिक हाट बजार कर (बैठकी) | | | |
|---|---|---|---|
| क्र सं. | शिर्षक | कायम दर | कैफियत |
| १ | बिसाता पसल | १०० | |
| २ | फलफुल एवं कृषि उत्पादन | | |
| | क. टायर गाडा | १५० | |
| | ख. जीप | २५० | |
| | ग. ट्रक | ६५० | |
| | घ. साईकल | ५० | |
| | ङ. डोको | २५ | |
| ३ | किराना पसल | १०० | |
| ४ | हरियो साग सब्जी फुटकर | ५० | |
| ५ | थान कपडा पसल | १०० | |
| ६ | तयारी पोशाक पसल | १०० | |
| ७ | चुरा पसल | ५० | |

| | | | |
|---|---|---|---|
| ८ | जुत्ता पसल | १०० | |
| ९ | डोको प्रति भारी | २५ | |
| १० | आलो माछा प्रति टोकरी | ७० | |
| ११ | फलफुल फुटकर पसल | ३५ | |
| १२ | प्लाष्टिक भाडा पसल | १०० | |
| १३ | सुकेको माछा पसल | ४० | |
| १४ | सानो काटा | ६० | |
| १५ | रक्सी चिखना | ६० | |
| १६ | खाने तोरी तेल पसल | ७५ | |
| १७ | मिठाई पसल | १०० | |
| १८ | सुर्ती पसल | ३० | |
| १९ | जुत्ता सिलाउने पसल | ३० | |
| २० | कपाल काटने नाई पसल | १०० | |
| २१ | बदाम पसल फुटकर | २५ | |
| २२ | बिउ बिजन पसल | ३५ | |
| २३ | फलाम औजार पसल | ३५ | |
| २४ | कुखुरा प्रति गोटा | १० | |
| २५ | परेवा प्रति जोडी | १० | |
| २६ | धातु भाडा पसल | १०० | |
| २७ | प्रचार एवं बिज्ञापन सामाग्री पसल | १०० देखी २०० | |
| २८ | आलु प्याज पसल | १०० | |
| २९ | धातु गहना पसल | १०० | |
| ३० | खसी प्रति गोटा | १०० | |
| ३१ | इलेक्ट्रीक पसल | १०० | |
| ३२ | चाउमिन ठेला कुर्ची राखी बेच्ने पसल | १५० | |
| ३३ | चाउमिन विना कुर्ची बेच्ने पसल | ५० | |
| ३४ | चाट ठेला | ४० | |

| | | | |
|---|---|---|---|
| ३५ | कुचो प्रति गोटा | १ | |
| ३६ | कुचो पसल | ४० | |
| ३७ | बिभिन्न सामाग्री मर्मत गर्ने पसल | ४० | |
| ३८ | अन्य समान माल हेरी सिजन अनुसारको | १० देखी २०० | |

हाट बजार पसल कर १२ फिट मोहडाका लागि उपरोक्त उल्लेखित दर कायम गरिएको छ । सो भन्दा माथि प्रति फिट रु. १० थप रकम लिईने छ ।

क. सुनवल नगरपालिकाको आफ्नो रेखदेखमा रहेको देहायका सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउछाउमा भएका अस्थाथी टहरा, छाप्रा, पसल वा आवासमा सम्पत्ति करको मूल्यांकनका आधारमा बहाल बिटौरी शुल्क लगाईने छ ।

अनुसूची १०

**निकासी शुल्क**

सुनवल नगरपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन भै आफ्नो सिमाक्षेत्र भन्दा बाहिर निकासी हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुंगा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बाह्य निकासीमा देहाय बमोजिमको निकासी शुल्क लगाईने छ ।

| जडीबुटी निकासी तर्फ | | | | |
|---|---|---|---|---|
| क्र.सं. | विवरण | ईकाई | दर | कैफियत |
| १ | सुकेको बेसार | प्रति के.जी. | ५० पैसा | |
| २ | काँचो बेसार | प्रति के.जी. | २५ पैसा | |
| ३ | लसुन | प्रति के.जी. | ५० पैसा | |
| ४ | तेजपात | प्रति के.जी. | ५० पैसा | |
| ५ | सुठो | प्रति के.जी. | ३५ पैसा | |
| ६ | सालको बिउ | प्रति टन | रु. १.५० | |
| ७ | हर्रो, बर्रो र अमला | प्रति के.जी. | २५ पैसा | |
| ८ | रिट्ठा | प्रति के.जी. | १० पैसा | |
| ९ | अदुवा | प्रति के.जी. | १५ पैसा | |

<table>
<tr><th colspan="5">नगरपालिका भित्र उत्पादन भई निकासी हुने मालवस्तु:</th></tr>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>ईकाई</th><th>दर</th><th>कैफियत</th></tr>
<tr><td rowspan="3">१</td><td rowspan="3">बनकस (खर), बाबियो, मलहन पत्ता, छ्वाली, पराग, बगास, निगालो, लोक्ता, पटेर, अम्लिसो (कुचो)</td><td>प्रति ट्रक</td><td>रु. ५०</td><td></td></tr>
<tr><td>प्रति ट्र्याक्टर</td><td>रु. २५</td><td></td></tr>
<tr><td>प्रति गाडा</td><td>रु. १०</td><td></td></tr>
<tr><td>२</td><td>बाँस, सिसौ, साल (चट्टा, गोलिया, चिरान) जिल्ला वन कार्यालयको चलानीका आधारमा</td><td>प्रति ट्रक</td><td>रु. ३००</td><td></td></tr>
<tr><td>३</td><td>साल जातको काठ</td><td>प्रति ट्रक</td><td>रु. ३००</td><td></td></tr>
<tr><td>४</td><td>कुकाठ</td><td>प्रति ट्रक</td><td>रु. २००</td><td></td></tr>
<tr><td>५</td><td>खयर</td><td>प्रति के.जी.</td><td>४० पैसा</td><td></td></tr>
<tr><td>६</td><td>स्लेट, बिछ्याउने ढुंगा</td><td>प्रति वर्गफिट</td><td>५० पैसा</td><td></td></tr>
<tr><td>७</td><td>सुर्तिको डण्ठल, कतरन, नसल</td><td>प्रति के.जी.</td><td>१५ पैसा</td><td></td></tr>
<tr><td>८</td><td>सालको बियाँ</td><td>प्रति के.जी.</td><td>७५ पैसा</td><td></td></tr>
<tr><td>९</td><td>पत्थर कोईला</td><td>प्रति के.जी.</td><td>५ पैसा</td><td></td></tr>
<tr><td>१०</td><td>सिमेण्ट</td><td>प्रतिबोरा (उत्पादनमा)</td><td>२५ पैसा</td><td></td></tr>
<tr><td>११</td><td>ईट्टा</td><td></td><td></td><td></td></tr>
<tr><td>१२</td><td>वियर</td><td></td><td></td><td></td></tr>
<tr><td>१३</td><td>मिनरल वाटर</td><td></td><td></td><td></td></tr>
<tr><td>१४</td><td>चाउचाउ</td><td></td><td></td><td></td></tr>
<tr><td>१५</td><td>स्टिल</td><td></td><td></td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| १६ | चिनी मिल | | | |
| चौपाया निकासी | | | | |
| क्र.सं. | विवरण | ईकाई | दर | कैफियत |
| १ | खसी, बोका, भेंडा | प्रति गोटा | रु. ७ | |
| २ | अन्य चौपाया | प्रति गोटा | रु. १५ | |
| ३ | पन्छी (कुखुरा, चल्ला र अण्डा बाहेक) | प्रति गोटा | रु. १ | |
| नदीजन्य पदार्थ | | | | |
| क्र.सं. | विवरण | ईकाई | दर | कैफियत |
| १ | ढुंगा, गिट्टी, बालुवा, ग्राभेल र रोडा आदि | प्रति घनफूट | रु. २ | |
| २ | ढुंगा, गिट्टी, बालुवा बिदेश निकासी सिफारीस दस्तुर | प्रति ट्रक (१४ घन मिटर) | रु. २००० | |

अनुसूची ११

**सेवा शुल्क, दस्तुर**

सुनवल नगरपालिका क्षेत्रभित्र देहाय बमोजिम फोहरमैला व्यवस्थापन शुल्क लिईने छ ।

| फोहरमैला व्यवस्थापन शुल्क | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | दर | कैफियत |
| १ | बजार क्षेत्र लोकमार्गको दायाँ बाँया ५०० मिटर भित्र | ५० | प्रतिघर वार्षिक |
| २ | ठूला उद्योगहरुसँग उद्योगले गर्ने फोहरको आधारमा वार्ताद्धारा तय गरी सरसफाई शुल्क लिईने छ । | | |

| सुनवल नगरपालिका क्षेत्रभित्र देहाय बमोजिम नक्सा पास दस्तुर लिईने छ । | | | |
|---|---|---|---|
| नक्सापास दस्तुर | | | |
| क्र.सं. | विवरण | कायम दर | कैफियत |
| १ | निबेदन | ५०० | |
| २ | सर्जमिन दस्तुर | ५०० | |
| ३ | नक्शापास फारम बिक्री | ५०० | |
| ४ | घर नक्शा नामसारी दस्तुर | १००० | |
| ५ | घर नक्शापास दस्तुर प्रति बर्ग फिट | ५ | |
| ६ | ५०० वर्ग फिट भन्दा कम क्षेत्रफल भएका घरको हकमा न्युनतम | १५०० | |
| ७ | अमिन दस्तुर | १००० | प्रति कित्ताको |
| ८ | नक्सा प्रमाणित दस्तुर | ५०० | |

१. सुनवल नगरपालिकाको साविका गा.वि.स. रहदा बनेका पुराना संरचना नक्सापास नियमित गर्ने तोकिएको समय सीमाभित्र नियमित नगर्नेलाई नक्सापास दस्तुरको १० प्रतिशतका दरले जरीवाना लगाईनेछ ।

२. नगरपालिकाको पूर्व स्वकृति नलिई कुनै किसिमको संरचना निर्माण गरे मा रु. १०,००० जरीवाना लगाईने छ ।

**सुनवल नगरपालिकाले देहाय बमोजिम दस्तुर लगाउने छ ।**

| व्यवसाय दर्ता इजाजत दस्तुर | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | कायम दर | कैफियत |
| १ | १ लाख सम्म | ५०० | |
| २ | रु १ लाख देखि ३ लाख सम्म | ७५० | |
| ३ | रु ३ लाख देखि १० लाख सम्म | ८०० | |
| ४ | रु १० लाख देखि २५ लाख सम्म | १००० | |
| ५ | रु २५ लाख देखि माथि | २५०० | |
| ६ | घ वर्गको निर्माण व्यवसायी ईजाजत दस्तुर | १०००० | |
| ७ | घ वर्गको निर्माण व्यवसायी ईजाजत नविकरण दस्तुर | ३००० | वार्षिक |
| ७ | घ वर्गको निर्माण व्यवसायी ईजाजत प्रतिलिपी दस्तुर | १००० | |
| चौकिल्ला प्रमाणित दस्तुर | | | |
| क्र.सं. | विवरण | कायम दर | कैफियत |
| १ | चौकिल्ला प्रमाणित दस्तुर ५ कठ्ठा सम्मको | ५०० | प्रति कित्ताको |
| २ | चौकिल्ला प्रमाणित दस्तुर ५ कठ्ठामाथि देखि १० कठ्ठा सम्मको | ६०० | प्रति कित्ताको |
| ३ | चौकिलला प्रमाणित दस्तुर १० देखि १५ कट्टा सम्मको | ७०० | प्रति कित्ताको |

| | | | |
|---|---|---|---|
| ४ | चौकिलला प्रमाणित दस्तुर १५ कट्टा देखि १ बिगाहा सम्मको | १००० | प्रति कित्ताको |
| ५ | चौकिलला प्रमाणित दस्तुर १ बिगाहा माथि प्रति कट्ठा थप | २०० | प्रति कित्ताको |
| विद्युतलाईन जडान सिफारीस | | | |
| १ | घरबिद्युत लाईन जडान सिफारिस | २०० | |
| २ | साना उद्योगमा बिद्युत जडान सिफारिस | ३००० | |
| ३ | मझौला उद्योग बिद्युत लाईन जडान सिफारिस | ५००० | |
| ४ | ठुलो उद्योगमा बिद्युत लाईन जडान सिफारिस | १५००० | |
| पेन्सन सिफारीस | | | - |
| १ | ब्रिटिस/तेश्रो मुलुक | १००० | |
| २ | भारतीय | ५०० | |
| ३ | नेपाली पेन्सनर | ३०० | |
| प्रमाणित दस्तुर | | | |
| १ | अविवाहित/विवाहित प्रमाणित | ३०० | |
| २ | बसोबास प्रमाणित | ३०० | |
| ३ | आयश्रोत प्रमाणित | प्रति हजारको १ रुपैया | विद्यार्थीको हकमा २५ प्रतिशत छुट |
| ४ | आदीबासी जनजाती प्रमाणित | ३०० | |

| | | | |
|---|---|---|---|
| ५ | चालचलन प्रमाणित | ३०० | |
| ६ | जन्म प्रमाणित | ३०० | |
| ७ | अन्य प्रमाणित | ३०० | |
| ८ | नाता कायम /नाता प्रमाणित | ३०० | |
| ९ | नाता कायम /नाता प्रमाणित अंग्रेजी | ५०० | |
| १० | अनुभव प्रमाणित दस्तुर | ५०० | |
| ११ | नाम थर, जन्म मिति प्रमाणित | ५०० | |
| १२ | सिफारीस प्रमाणित दस्तुर | ५०० | |
| १३ | फोटो प्रमाणित प्रति फोटो | १०० | |
| घर बाटो प्रमाणित दस्तुर | | | |
| १ | मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनलाई तोकेको मूल्याङ्कनका आधारमा हुन आउने जग्गाको मूल्याङ्कनको ०.१५ प्रतिशत, प्लटीङ्गको भएमा ०.३ प्रतिशतथप दस्तुर लाग्ने र न्यूनतम १,००० | | |
| २ | जग्गा प्लटीङ्गका हकमा प्लटीङ्ग गर्ने जग्गाको कट्टाको ५ हजारका दरले जग्गा प्लटीङ्ग सेवा शुल्क लाग्ने छ। | | |
| अन्य सिफारीस दस्तुर | | | |
| क्र.सं. | विवरण | कायम दर | कैफियत |
| १ | निजी स्तरको बिद्यालय स्थापना अनुमति | ५००० | |
| २ | सरुवा सिफारिस दस्तुर अनुमति | १००० | |
| ३ | कक्षा स्तरोन्नति सिफारिस दस्तुर | ५००० | |
| ४ | सर्जमिन दस्तुर | ५०० | |
| ५ | घरभाडा रोहवर/सर्जमिन | ५०० | |

| | | | |
|---|---|---|---|
| ६ | जग्गा छुट्टाउने दस्तुर | १००० | |
| ७ | घर बाटो प्रमाणित फिल्ड निरीक्षण दस्तुर | ५०० | |
| ८ | जग्गा रोक्का सिफारीस | ५०० | |
| ९ | भारत बैकमा खाता खोल्ने सिफारिस दस्तुर | ५०० | |
| १० | निबेदन/टिकट | १० | |
| ११ | निर्माण व्यवसायी र पेट्रोलियम पदार्थ दर्ता सिफारिस | ५००० | |
| १२ | नेपाली नागरिकता सिफारिस | ५० | |
| १३ | नेपाली नागरिकता प्रतिलिपी सिफारिस | ५० | |
| १४ | अचल सम्पत्ति मुल्याङ्कन दस्तुर | प्रति हजारको १ रुपैया | विद्यार्थीको हकमा २५ प्रतिशत छुट |
| १५ | अंग्रेजीमा गरीने सिफारीस | ५०० | |
| १६ | अवादी जग्गाको रुख कटान/घरेलु सर्जमिन | १००० | |
| १७ | अवादी जग्गाको रुख कटान सिफारीस | प्रति ट्रेक्टर रु. ५०० | |
| १८ | भारत देश जाने राहदानी सिफारिस | ५०० | |
| १९ | घटना दर्ता सेवा शुल्क (जन्म दर्ताको हकमा ३५ भित्र दर्ता हुन आएमा निःशुल्क) | ५० | जन्म र मृत्युको हकमा रु. २०.०० |
| २० | घटना दर्ता संसोधन सर्जमिन | ५०० | |

| | | | |
|---|---|---|---|
| २१ | घर सारको सिफारीस | २५० | नगरपालिका भित्र |
| २२ | घर सारको सिफारीस | ५०० | नगरपालिका बाहिर जिल्ला भित्र |
| २३ | घर सारको सिफारीस | ७५० | जिल्ला बाहिर |
| २४ | जग्गा दर्ता सिफारीस | प्रति धुरको रु. २५०.०० | |
| २५ | आवास कम्पनीका जग्गा दर्ता सिफारीस | ५००० | प्रति कट्ठा |
| २६ | जग्गा नामसारी सिफारीस | प्रति कट्ठाको रु. १०.०० | न्यूनतम रु. ३००.०० |
| २७ | घर जग्गा कर | नियमानुसार | |
| २८ | सिफारीस प्रतिलिपी दस्तुर | १०० | |
| २९ | खा.पा. धारा जडान, टेलिफोन सिफारीस | १०० | |
| ३० | मोही जग्गाको लगत कट्टा सिफारीस | ५०० | |
| ३१ | पुस्ता कायम सिफारीस | २०० | |
| ३२ | प्रतिलिपी जग्गा धनि प्रमाण पुर्जा सिफारीस साथै संसोधन सिफारीस | २०० | |
| ३३ | अदालत सम्बन्धी सिफारीस | २०० | |
| ३४ | व्यवसाय लगत कट्टा सिफारीस | २०० | |

| | | | |
|---|---|---|---|
| ३५ | अन्य उल्लेख नभएका सिफारीस दस्तुर | ३०० | |
| दरभाउ पत्र/बोलपत्र प्रति फारम दस्तुर | | | |
| क्र.सं. | विवरण | कायम दर | कैफियत |
| १ | शिलबन्दी दरभाउ पत्र | १००० | अन्यको हकमा सार्वजनिक खरिद ऐन नियम बमोजिम हुनेछ |

**अनुसूची १२**

| gbLhGo kbfy{ rf]kL lgsf;Lsf]b)* hl<jfgf | | | |
|---|---|---|---|
| q=;=_ | ljj<)f | sfod b< | s}lkmot |
| 1 | ^ofS^< | 30000 | |
| 2 | ^s, l^Kk< | 50000 | |
| 3 | JofSx' nf]*< | 100000 | |

प्रमाणिकरण मितिः २०७५/३/३२

आज्ञाले,

**रामलाल श्रेष्ठ**

प्रमुख प्रशासकीय अधिकृत